# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

## बत्तिसौं नगर कार्यपालिका बैठक

आज मिति २०७६ जेष्ठ २५ बजे विहान ८ बजे धरान उपमहानगरपालिकाको ३२ औं नगर कार्यपालिकाको बैठक कार्यवहाक नगर प्रमुख मञ्जु भण्डारी सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री मञ्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री ~~आशा कुमार श्रेष्ठ~~ विकाश नेपाली | का. वा. वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जिवनराज सुवेदी | का. वा. वडा अध्यक्ष | धरान-७ | |
| ९. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २३. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २६. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २७. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २८. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २९. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३०. | श्री रत्न बहादुर कटुवाल | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ३१. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

# धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी

## ३२ औं नगर कार्यपालिका वैठक

**वैठकका छलफल र निर्णय भएका विषयहरुः-**

१. **आ.व. २०७६/०७७ का लागी वजेट सिलिङ्ग तथा मार्ग दर्शन सम्बन्धमाः-**

आ.व. २०७६/०७७ को लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ अनुसार गठन भएको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट पेश भए अनुसारको स्रोत अनुमान तथा क्षेत्रगत र वडागत बजेट सीमा र वडालाई पठाइने बजेट सम्बन्धी मार्गदर्शनमा शंसोधन सहित सहमति गरी सोही आधारमा वडाहरुले कार्यक्रम तयार गरी पेश गर्ने निर्णय गरियो ।स्वीकृत मार्ग दर्शन तथा बजेट सिलिङ्ग पछाडि टाँस गरी प्रमाणित गरिएको छ ।

२. **औषधी उपचार सहयोग सम्बन्धमाः-**

यस कार्यपालिकाका सदस्य श्री सुवास राई विरामी भै वि.पी को. स्वा. वि. प्रतिष्ठानमा उपचार गराई रहनु भएकाले उपचार सहयोगका लागी रु ५०,०००/-( रु. पँचास हाजर मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

३. **स्वास्थ्य लाभको कामना गर्ने सम्बन्धमाः-**

धरान उपमहानगरपालिकाका वडा नं. ३ का वडा अध्यक्ष श्री आशाकुमार श्रेष्ठ डेंगु संक्रमणका कारण विरामी भै उपचारत रहनुभएकाले शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

आजको वैठक १० बजे समाप्त भयो ।

## वडास्तरीय मार्गदर्शन तथा वजेट सीमा

**आगामी आ.व. ०७६ / ७७ को वडास्तरीय वजेट तथा कार्यक्रम तर्जुमाका लागि धरान उपमहानगरपालिकाले वडा कार्यालयहरुलाई जारी गरिएको मार्गदर्शन तथा वजेट सीमा**

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून वनाउने, वार्षिक वजेट वनाउने, निर्णय गर्ने, नीति तथा कार्यक्रम तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक , वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालिन र दीर्घकालिन योजना वनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ । आवधिक योजनाले लिएका लक्ष्यहरु आफ्नो स्रोत साधनसंग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ । नेपालको संविधान र स्थानीय शासन सञ्चालन ऐन, २०७४ले स्थानीय तहको योजना तर्जुमा प्रकृया सन्दर्भमा अगाडी सारेका विषय वस्तुहरुलाई मूर्तरुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ समेत तयार भएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम आफ्नो वडास्तरको वजेट तथा कार्यक्रम तर्जुमा गर्न धरान उपमहानगरपालिकाले वडागत वजेट सीमा सहित यो मार्गदर्शन तयार गरेको छ । तल उल्लेखित मार्गदर्शनका वुंदाहरु अध्ययन गरी आआफनो वडालाई प्राप्त वजेट सीमाको अधिनमा रही वडाको वजेट तथा कार्यक्रम तोकिएको समय सीमा भित्र तर्जुमा गरी धरान उपमहानगरपालिकामा पठाउन हुन अनुरोध गरिएको छ ।

### मार्गदर्शन :

### वस्तीस्तरको योजना तर्जुमा सम्वन्धमा :

१ वडालाई बस्ती स्तरमा विभाजन गरी वडा सदस्यहरुको संयोजनमा बस्ती /टोल स्तरको योजना छनौट गोष्ठी गर्न निजलाई जिम्मेवारी प्रदान गर्ने ।

२ प्रत्येक वडाले वडा भित्रका सवै बस्तीहरुमा योजना तर्जुमाका लागि वैठक हुने दिन, मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

३ बस्तीस्तरको योजना तर्जुमा गर्दा बालवालिका, महिला, आदिवास/जनजाती, मधेशी, दलित, अपांगता भएका व्यक्ति, सीमान्तकृत, पिछडावर्ग लगायत सवै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

४ योजना छनौट प्रकृयामा टोल विकास संस्था, नागरिक समाजका संस्थाहरु, महिला / आमा समुहहरु, बाल ब्कलवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, उपभोक्ता समितिहरु, नीजि क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सकृय सहभागिता गराउने ।

५ बस्ती स्तरमा सहभागितात्मक पद्धतिबाट छनौट भएका आयोजना तथा कार्यक्रमहरुको सूची तयार गरी वडा समिति पेश गर्ने ।

**वडा समितिवाट आयोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण सम्वन्धमा :**

१ टोल/बस्तीस्तरवाट पेश भएका आयोजना तथा कार्यक्रमहरुलाई देहायका विषय क्षेत्र अनुसार छुट्याउने ।

क) आर्थिक विकास क्षेत्र : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

कृषि विकास ,पशुसेवा, सहकारी, उद्यम विकास / सीप विकास, उद्योग तथा वाणिज्य, वित्तिय क्षेत्र, पर्यटन आदि

ख) सामाजिक विकास क्षेत्र : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण(महिला, बालबालिका तथा अन्य लक्षित वर्ग), जनसंख्या व्यवस्थापन आदि ।

ग) पूर्वाधार विकास : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

सडक तथा पुल, सिंचाई, भवन तथा शहरी विकास, संचार, उर्जा, लघु तथा साना जल विद्युत, आदि

घ) वातावरण तथा विपद् व्यवस्थापन : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, वैकल्पिक उर्जा प्रवर्द्धन, जलवायु परिवर्तन, सरसफाइ प्रवर्द्धन, फोहोरमैला व्यवस्थापन, नदी नियन्त्रण, पहिरो नियन्त्रण, विपद् व्यवस्थापन आदि

ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

सामान्य सेवा, सुचना प्रविधि, पंजीकरण व्यवस्थापन, वडागत तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन, संस्थागत क्षमता विकास आदि

२ वस्तीस्तरवाट संकलन गरिएका आयोजना तथा कार्यक्रमहरुलाई माथि उल्लेखित विषयगत क्षेत्र अन्तरगत वर्गीकरण गर्ने । आयोजना तथा कार्यक्रमहरुलाई विषयगतरुपमा वर्गीकरण गरिसके पछि **A3 साईजको आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराममा** उतार गरी प्राथमिकीकरण गर्ने

३ देहाय बमोजिमका प्राथमिकताका आधारहरु अवलम्वन गरी आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्ने ।

- ❖ गरिवी न्यूनिकरण, रोजगारी सिर्जना र आय आर्जन वृद्धिमा प्रत्यक्ष योगदन पुऱ्याउने,
- ❖ क्रमागत, उत्पादनमूलक, छिटो प्रतिफल दिने(ठूला आयोजनाको हकमा ३ वर्ष भित्रमा पुरा हुने)
- ❖ आन्तरिक राजश्व वृद्धि र परिचालनमा योगदान पुऱ्याउने,
- ❖ स्थानीय स्रोत, साधन, श्रम, सीप र प्रविधिमा आधारित,
- ❖ जनसहभागिता अभिवृद्धि गर्ने,
- ❖ लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको अभिवृद्धि हुने,
- ❖ दीगो विकास, वातावरण संरक्षण, सरसफाइ प्रवर्द्धन र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,

❖ स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,

❖ सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

४. माथि उल्लेखित आधारहरु अवलम्वन गरी प्राथमिकता गर्दा देहाय बमोजिम अंकभार राखी प्राथमिकीकरण गर्ने र वढी अंकभार प्राप्त गर्ने आयोजना तथा कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राख्ने ।

क) गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने (२० अंक)

| | |
|---|---|
| प्रत्यक्ष योगदान पुऱ्याउने | - २० अंक |
| अप्रत्यक्ष योगदान पुऱ्याउने | - १० अंक |
| तटस्थ | - ५ अंक |

ख) क्रमागत, उत्पादनमूलक, छिटो प्रतिफल दिने (१५ अंक)

| | |
|---|---|
| चालु आ.व.मानै सम्पन्न हुने | - १५ अंक |
| आगामी आ.व.मा सम्पन्न हुने | - १० अंक |
| अन्य | - ५ अंक |

ग) आम्दानी र रोजगार वृद्धि गर्ने ओयोजना तथा कार्यक्रमहरु (१० अंक)

| | |
|---|---|
| प्रत्यक्ष योगदान पुऱ्याउने | - १० अंक |
| अप्रत्यक्ष योगदान पुऱ्याउने | - ५ अंक |
| तटस्थ | - ० अंक |

घ) जनसहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

| | |
|---|---|
| ५० प्रतिशत भन्दा वढी जनसहभागिता हुने | - १५ अंक |
| २० देखि ५० प्रतिशत सम्म जनसहभागता हुने | - १० अंक |
| २० प्रतिशत सम्म जनसहभागित हुने | - ५ अंक |
| जनसहभागिता नहुने | - ० अंक |

ङ) स्थानीय सीप, साधन र श्रोतको प्रयोग हुने आयोजनाहरु (१० अंक)

| | |
|---|---|
| आवश्यक पर्ने सवै श्रोत, साधन स्थानीय तहमा उपलब्ध हुने | - १० अंक |
| ५० प्रतिशत सम्म श्रोत, साधन स्थानीय तहमा उपलब्ध हुने | - ७.५ अंक |
| अन्य | - ५ अंक |

च) समाबेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरु (१५ अंक)

| | |
|---|---|
| प्रत्यक्ष योगदान पुऱ्याउने | - १५अंक |
| अप्रत्यक्ष योगदान पुऱ्याउने | - ७.५अंक |
| तटस्थ | - ० अंक |

छ) दीगो विकास र वातावरण संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

प्रत्यक्ष योगदान पुऱ्याउने - १० अंक

अप्रत्यक्ष योगदान पुऱ्याउने - ५ अंक

तटस्थ - ० अंक

ज) स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५अंक)

प्रत्यक्ष योगदान पुऱ्याउने - ५ अंक

अप्रत्यक्ष योगदान पुऱ्याउने - ३ अंक

तटस्थ - ० अंक

माथि उल्लेख गरिए बमोजिम **आयोजनाको प्राथमिकताक्रम निर्धारण फारम** प्रयोग गरी वस्तीस्तरवाट प्राप्त आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने

५ आयोजनाहरुको प्राथमिकीकरण पश्चात प्राप्त वजेट सिलिंगको अधिनमा रही देहाय बमोजिमको ढांचामा प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरु छनौट गरी सो को कार्यान्वयनका लागि वजेट विनियोजन गरी नगरपालिकामा पठाउने ।

**धरान उपमहानगरपालिका**

**वडा नं..........**

**आ.व.०७६/७७**

क) रु.५ लाख सम्मका **फुटकर योजना तथा कार्यक्रमहरुका** लागि प्रस्ताव गरिएका वडास्तरीय योजना तथा कार्यक्रमहरु :

| **क.सं.** | **आयोजनाको नाम** | **आयोजना सञ्चालन हुने स्थान** | **लाभान्वित जनसंख्या** | **प्राथमिकताक्रम** | **विनियोजित वजेट रु.** | **कार्यक्रमको चौमासिक विवरण** |
|---|---|---|---|---|---|---|
| **आर्थिक विकास तर्फ** | | | | | | |
| १ | | | | १ | | |
| २ | | | | २ | | |
| ३ | | | | ३ | | |
| | **जम्मा** | | | | | |
| **सामाजिक विकास तर्फ** | | | | | | |
| १ | | | | १ | | |
| २ | | | | २ | | |
| ३ | | | | ३ | | |
| | **जम्मा** | | | | | |
| **पूर्वाधार विकास तर्फ** | | | | | | |

## विषयगत क्षेत्रको वजेट विनियोजन सम्वन्धमा

**पुरानो १० करोड वजेट तर्फ :**

यस वजेट शिर्षकवाट देहाय अनुसार वजेट विनियोजन गर्ने

क) प्रत्येक वडाले वडाको प्रशासनिक खर्च तर्फ रु १० लाख वजेट विनियोजन गर्ने ।

ख) सामाजिक विकास तर्फको समावशी (लक्षित वर्ग) क्षेत्रको लागि कूल पूंजीगत वजेटको ४० प्रतिशत रकम देहाय बमोजिम विनियोजन गर्ने ।

| | |
|---|---|
| महिला विकास तर्फ : | १० प्रतिशत |
| बालबालिका विकास कार्यक्रम(वालमैत्री कार्यक्रम समेत) : | १५ प्रतिशत |
| अन्य लक्षित वर्गको विकास कार्यक्रम तर्फ : | १५ प्रतिशत |

ग) बांकी ६० प्रतिशत पूंजीगत वजेटवाट देहाय बमोजिमका विषयगत क्षेत्रहरुमा वजेट विनियोजन गर्ने

१ .आर्थिक विकास क्षेत्र (कृषि विकास ,पशुसेवा, सहकारी, उद्यम विकास / सीप विकास, उद्योग तथा वाणिज्य, वित्तिय क्षेत्र आदि)

२ सामाजिक विकास क्षेत्र ( शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्द्धन,जनसंख्या व्यवस्थापन आदि ।

३ पूर्वाधार विकास क्षेत्र ( सडक, पुल, कल्भर्ट, ड्रेन निर्माण, भवन निर्माण, पार्क निर्माण,सिंचाई पुर्वाधार निर्माण, आदि ।

४ वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ( वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, वैकल्पिक उर्जा प्रवर्द्धन, जलवायु परिवर्तन, सरसफाइ प्रवर्द्धन (पूर्ण सरसफाइ सम्वन्धी कार्यक्रमहरु), फोहोरमैला व्यवस्थापन, ड्रेन सरसफाइ,नदी नियन्त्रण, पहिरो नियन्त्रण, विपद् व्यवस्थापन( पूर्व तयारी, विपद् जोखिम न्युनिकरणका कार्यक्रमहरु) आदि ।

५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन (सुचना प्रविधि, पंजीकरण व्यवस्थापन, वडागत तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन, संस्थागत क्षमता विकास आदि)

**ध्यान आकर्षण :** क) यस वजेट शिर्षकवाट १० लाख सम्मका आयोजना तथा कार्यक्रमहरु छनौट गरी वजेट तथा कार्यक्रमहरु प्रस्ताव गर्ने ।

ख) वडाको सरसफाइ प्रवर्दन गर्न पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ का सूचकहरु पुरा गर्ने किसिमका सरसफाइ कार्यक्रमहरुको छनौटमा ध्यान दिने ।

ग) वडाका स-साना ड्रेनहरु सफाइ गर्ने कार्यका लागि आवश्यक वजेट विनियोजन गर्ने

घ) बालमैत्री वडा घोषणा हुन वांकी रहेका वडाहरुले आगामी आ.व. २०७६।७७ मा सवै सूचकहरु पुरा गर्ने गरी वालमैत्री कृयाकलापहरु तर्जुमा गरी आवश्यक वजेट विनियोजन गर्ने । बालमैत्री वडा घोषणा भैसकेका वडाहरुले बालमैत्री वडाको दिगोपनाका लागि आवश्यक कृयाकलापहरु तर्जुमा गरी वजेट विनियोजन गर्ने

ङ) वडाको सौन्दर्य अभिवृद्धि गर्ने खालका वातावरणमैत्री कार्यक्रमहरुको तर्जुमा गर्ने

च) दिगो विकासका लक्ष्यहरु (Sustainable Development goals) अध्ययन गरी सो अनुरुपका कार्यक्रमहरु तर्जुमा गर्न जोड दिने ।

छ) एक आर्थिक वर्ष भित्र सम्पन्न हुने किसिमका आयोजनाहरु मात्र छनौट गर्ने

## वडा पूर्वाधार विकास योजनाका लागि मार्गदर्शन

**(रु १० लाख देखि मुनी र १० लाख माथिका ठुला योजनाहरुका लागि)**

- एक आर्थिक वर्षभित्र सम्पन्न हुने आयोजनाहरु मात्र छनौट गर्ने । वडागत योजनाहरुका हकमा आगामी आ.व.हरुमा कुनै पनि दायित्व नसर्ने खालका योजना तथा कार्यक्रमहरु छनौट गरी प्रस्ताव गर्ने ।
- श्रम प्रयोग हुने प्रकृतिका तथा मेशिनरी औजार र Heavy Equipments प्रयोग गर्नु नपर्ने किसिमका निर्माण कार्यहरु मात्र जनसहभागिता जुटाई उपभोक्ता समितिमार्फत गर्ने ।
- उपभोक्ता समितिमार्फत निर्माण कार्य गर्न प्रस्ताव गरिएको भए तपसील बमोजिमको न्यूनतम लागत जनसहभागिता हुनु पर्ने ।
    - कुल ल.ई. रु. ५ लाख सम्मका विकास निर्माण कार्यमा न्यूनतम जनसहभागिता १० प्रतिसत ।
    - कुल ल.ई. रु. ५ लाखदेखि बढी रु. १० लाख सम्मका विकास निर्माण कार्यमा न्यूनतम जनसहभागिता १५ प्रतिसत ।
    - कुल ल.ई. रु. १० लाख देखि बढी रु. २५ लाख सम्मका विकास निर्माण कार्यमा न्यूनतम जनसहभागिता ३० प्रतिसत ।
    - कुल ल.ई. रु. २५ लाख देखि बढी रु. १ करोडसम्मका विकास निर्माण कार्यमा न्यूनतम जनसहभागिता ४० प्रतिसत
- वडागत पूर्वाधार निर्माण योजनाहरुमा वडागत सडक तथा ढल निर्माण कार्यका अलावा पार्क निर्माण, खहरे कोरिडोर निर्माण, सडक सौन्दर्यिकरण, वडामा अवस्थित पर्यटकीय पूर्वाधार, कूलो लगायतका कृषि पूर्वाधार, नदी तथा पहिरो नियन्त्रण, खेलकूद पूर्वाधार, सामुदायिक भवन, सार्वजनिक जग्गा संरक्षण आदिका लागि विशेष प्राथमिकता दिई बजेट विनियोजन गर्ने ।

**ध्यान आकर्षण :**

चालु आ.व. देखि SUTRA को प्रयोग अनिवार्य भएकोले कुन कार्यक्रम कुन चौमासिकमा गर्ने हो सो समेत खुलाई वडाको वजेट तथा कार्यक्रम तयार गरी पठाउने । SUTRA मा वजेट तथा कार्यक्रम Entry गर्दा Unicode font आवश्यक हुने भएकोले सबै वडा कार्यालयहरुले Unicode font मा टाईप गरी वडाको वजेट तथा कार्यक्रमको हार्डकपी र Soft copy तोकिएको समय सीमा भित्र धरान उपमहानगरपालिकामा पठाउने ।

### वडागत प्रशासनिक खर्च रु १० लाखको मार्गदर्शन

आगामी आर्थिक वर्षको लागि विनियोजित प्रशासनिक खर्चमा देहाय अनुसारको शिर्षकहरुमा एक वर्षको लागि अपुग नहुने गरी वजेट विनियोजन गरी पेश गर्नुपर्नेछ ।

१ वडावाट नियुक्त भएका कर्मचारीहरुको तलव, खाजा खर्च लगायतका सबै सुविधाको लागि प्रत्येक शिर्षकमा फरक फरक देखिने गरी वजेट विवियोजन गर्नुपर्ने,

२ वडा समितिको वैठक भत्ता

३ वडा कार्यालयको घर भाडा तिर्नुपर्ने भए सो समेत

४ वडा कार्यालयको पानी महशुल

६ टेलीफोन महशुल

७ पत्रपत्रिका तथा पुस्तक खरिद
८ स्टेशनरी सामानहरु
९ छपाईका सामानहरु
१० वडा कार्यालयको वैठक तथा त्यस्तै अन्य विशेष प्रतिनिधि, अतिथिहरुको स्वागतमा गरिने चिया, खाजा खर्च

**वडागत वजेट सीमा सम्वन्धमा :**

आगामी आ.व. २०७६।७७ को वडास्तरीय आयोजना तथा कार्यक्रमहरुका लागि वडागत वजेट सिलिङ्गमा चालु तथा गत आर्थिक वर्षहरुको तुलनामा उल्लेखनीय बढोत्तरी गरिएको छ । संविधानको मर्म र भावना एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम वडा कार्यालयहरुवाटै अधिकतम सेवा प्रवाह गर्ने उद्धेश्यले वडाको संस्थागत क्षमतामा अभिवृद्धि गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त वनाउन प्रत्येक वडालाई वडाको **जनसंख्या, भूगोल, गरीबी र वडाको आफ्नै प्रयासले उठेको राजश्व** जस्ता सूचकहरुलाई आधार मानी सूत्रमा आधारित भएर वडास्तरीय वजेट तथा कार्यक्रम तर्जुमाको लागि संलग्न अनुसारको वडागत बजेट सिलिङ्ग निर्धारण गरिएको छ ।

धरान उपमहानगरपालिका

आर्थिक वर्ष २०७६/०७७ को श्रोत अनुमान तथा बजेट सीमा निर्धारण

| आय | | २०७५/०७६ को अनुमान | | | २०७६/०७७ को अनुमान | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | निशर्त | सशर्त | जम्मा | निशर्त | सशर्त | जम्मा |
| १ | आन्तरिक आय | १६००००००० | | १६००००००० | ३७००००००० | | ३७००००००० |
| २ | संघीय समानीकरण अनुदान | २८६४००००० | | २८६४००००० | ३१९४००००० | | ३१९४००००० |
| ३ | प्रदेश समानीकरण अनुदान | ६०१७००० | | ६०१७००० | ९८६८००० | | ९८६८००० |
| ४ | संघीय राजस्व बाँडफाँट | १६३८४७००० | | १६३८४७००० | २००८००००० | | २००८००००० |
| ५ | प्रदेश राजस्व बाँडफाँट | ६०३२०२०० | | ६०३२०२०० | २२९७०००० | | २२९७०००० |
| ६ | संघीय ससर्त अनुदान | | ३११३००००० | ३११३००००० | | ३४८५००००० | ३४८५००००० |
| ७ | प्रदेश ससर्त अनुदान | | २२६००००० | २२६००००० | | २०००००००० | २०००००००० |
| ८ | संघीय समपूरक अनुदान | | ० | ० | | १००००००० | १००००००० |
| ९ | संघीय विशेष अनुदान | | ० | ० | | १००००००० | १००००००० |
| १० | प्रदेश समपूरक अनुदान | | ० | ० | | ५०००००० | ५०००००० |
| ११ | प्रदेश विशेष अनुदान | | ० | ० | | ५०००००० | ५०००००० |
| १२ | सडक बोर्डबाट | | १००००००० | १००००००० | | १२०००००० | १२०००००० |
| १३ | अन्य विभिन्न निकायबाट आउने | | १२००००० | १२००००० | | १००००००० | १००००००० |
| १४ | एकीकृत शहरी विकास आयोजना | | ४००००००००० | ४००००००००० | | २००००००००० | २००००००००० |
| १५ | सामाजिक सुरक्षा कार्यक्रम | | २२०००००००० | २२०००००००० | | | ० |
| १६ | जनसहभागिता | | ३०००००००० | ३०००००००० | | २५०००००० | २५०००००० |
| १७ | नगर विकास कोषबाट ऋण अनुदान | | २०००००००० | २०००००००० | | १००००००० | १००००००० |
| १८ | गत आ.व.को बाँकी रकम | १०८३१५८०० | | १०८३१५८०० | ५०००००००० | ० | ५०००००००० |
| | जम्मा | ७८४९००००० | ######### | १८०००००००० | ९७३०४५००० | ६५५५००००० | १६२८५४५००० |

| | विनियोजन | २०७५/०७६ को अनुमान | २०७६जेठसम्मको यथार्थ | २०७५/०७६ को संशोधित अनुमान | २०७६/०७७ को अनुमान |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | २०७२३३८०० | | | २५६०००००० |
| २ | चालु भैपरी आउने खर्च | ० | | | ५०००००० |
| ३ | वडाको पूँजीगत बजेट | ८६०००००० | | | २३०००००००० |
| ४ | ब्याज भुक्तानी | २५०००००० | | | ३१०००००० |
| ५ | क्रमागत आयोजनाको | १३०००००००० | | | १५०००००००० |
| ६ | सवारी साधन खरिद | ११०००००० | | | ७५००००० |
| ७ | एकीकृत शहरी विकास आयोजना (**IUDP**) | ४४२४४०२०० | | | २४०००००००० |
| ८ | **Matching Fund** (**TDF**,सडक बोर्ड, अन्य) | ५०००००० | | | २०००००००० |
| ९ | मर्मत कोष | १००००००० | | | ५०००००० |
| १० | पुजीगत भैपरी (**Mayor** कोष) | १००००००० | | | १००००००० |
| ११ | आकस्मिक कोष | ० | | | ५०००००० |
| १२ | नगर गौरवका आयोजना | ७०००००००० | | | १५०००००००० |
| १३ | जनसहभागितामा आधारित नगर स्तरीय आयोजना | ४६७००००० | | | |
| १४ | संस्थागत सुधार तथा क्षमता विकास | १४५००००० | | | १००००००० |
| १५ | **DPR** तयारी (**पूँजीगत परामर्श सेवा**) | | | | १५०००००० |
| १६ | कार्यालय भवन निर्माण | १५०००००० | | | ० |
| १७ | वडा भवन | ४०००००० | | | १००००००० |
| १८ | पर्यटन | ९७००००० | | | १००००००० |
| १९ | खेलकुद | १०१००००० | | | १७०००००० |
| २० | साहित्य, कला, संस्कृति | २५००००० | | | ५०००००० |
| २१ | सूचना संचार क्षेत्र | २५००००० | | | ५०००००० |
| २२ | शिक्षा | ११६७०००० | | | २०००००००० |
| २३ | वन वातावरण र विपद व्यवस्थापन | ११५००००० | | | ७५००००० |
| २४ | आर्थिक (**कृषि, पशु, सहकारी, उद्योग**) | ४५०६००० | | | १००००००० |
| २५ | लैंसस (**सामाजिक विकास**) | १७०००००० | | | १५०००००० |
| २६ | न्यायिक समिति | १५००००० | | | २००००००० |
| २७ | सडक बत्ति व्यवस्थापन | ५०००००० | | | ५०००००० |
| २८ | स्वास्थ्य | ७५५०००० | | | १५०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | सुकुम्वासी व्यवस्थापन | ० | | | |
| ३० | मजदूर कल्याण कार्यक्रम | | | | |
| ३१ | सार्वजनिक जग्गा तथा जलाधार संरक्षण | | | | |
| ३२ | राजस्व सुधार | | | | |
| ३३ | सामाजिक सुरक्षा भत्ता | २२०००००० | | | |
| ३४ | प्रदेश सशर्तको कार्यक्रम | २२६००००० | | | |
| ३५ | संघीय सशर्तको कार्यक्रम | ३११३००००० | | | |
| ३६ | संघीय समपूरक अनुदानका कार्यक्रमहरु | | | | |
| ३७ | संघीय विशेष अनुदानका कार्यक्रमहरु | | | | |
| ३८ | प्रदेश समपूरक अनुदानका कार्यक्रमहरु | | | | |
| ३९ | प्रदेश विशेष अनुदानका कार्यक्रमहरु | | | | |
| ४० | सडक बोर्डको कार्यक्रम | १६०००००० | | | |
| ४१ | *बहुजातीय संग्रहालय* | *१२०००००* | | | |
| ४२ | *विपद व्यवस्थापन कोष* | *८५०००००* | | | |
| ४३ | ***अध्ययन,अनुसन्धान र परामर्श** (चालु)* | *२००००००* | | | |
| ४४ | *संस्थागत, व्यक्तिगत अनुदान सहयोग* | *०* | | | |
| ४५ | अन्य प्रवर्द्धनात्मक कार्यहरु (रक्तदान प्रवर्द्धन, गुम्बा लगायत धार्मिक क्षेत्र प्रवर्द्धन, सुन्दरवस्ती जग्गा एकीकरण आयोजना) | ३८००००० | | | |
| ४६ | जनसहभागिता | ३०००००० | | | |
| ४७ | ऋणको साँवा भुक्तानी | ४२००००० | | | |
| ४८ | नगर विकास कोषबाट ऋण अनुदान (IUDP बाहेक) | २०००००० | | | |
| ४९ | विभिन्न निकाय/ मन्त्रालयका कार्यक्रमहरु | | | | |
| | | | | | |
| | जम्मा | १८०००००००० | ० | ० | १७७[illegible] |

निशर्त आयभन्दा बढी व्यय अनुमान (घाटा बजेट) -१५[illegible]

| डा नं. | प्रशासनिक खर्चमा छुटाउन सकिने अधिकतम बजेट (क) | लक्षित वर्गमा विनियोजन गर्नु पर्ने बजेट | | | | रु. १० लाखभन्दा साना विषयगत पूर्वाधार विकास योजना तथा कार्यक्रमका लागि विनियोजन गर्न सकिने बजेट | | | पुरानो दश करोडको कुल जम्मा (छ=क+म+ज) | रु. १० लाखदेखि माथिका ठूला विषयगत पूर्वाधार विकासका लागि विनियोजन गर्नु पर्ने न्यूनतम रकम (नया १४ करोड २५ लाखको कुल जम्मा) (झ) | कुल वडागत बजेट रु. २४ करोड २५ लाख (द=छ+झ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला लक्षित ख=१०%(छ–क) | बालबालिका लक्षित ग=१५%(छ–क) | अन्य लक्षित घ=१५%(छ–क) | लक्षित वर्गमा कुल जम्मा (म=ख+ग+घ) | रु. ५ लाखसम्मका फुटकर योजना तथा कार्यक्रमहरुका लागि विनियोजन गर्न सकिने अधिकतम बजेट ङ =१०%(छ–क–म) | रु. ५ लाखदेखि बढी रु. १० लाखसम्मका साना योजना तथा कार्यक्रममा विनियोजन गर्न सकिने बजेट (च=छ–क–म–ङ) | साना विषयगत पूर्वाधार विकास योजना तथा कार्यक्रमहरुमा विनियोजन गर्न सकिने कुल जम्मा बजेट (ज) | | | |
| 1 | **1,000,000.00** | 204,131.67 | 306,197.50 | 306,197.50 | **816,526.66** | 122,479.00 | 1,102,311.00 | **1,224,789.99** | 3,041,316.66 | 5,015,225.12 | **8,056,541.78** |
| 2 | **1,000,000.00** | 154,321.45 | 231,482.17 | 231,482.17 | **617,285.79** | 92,592.87 | 833,335.81 | **925,928.68** | 2,543,214.46 | 4,176,838.71 | **6,720,053.18** |
| 3 | **1,000,000.00** | 190,505.32 | 285,757.97 | 285,757.97 | **762,021.26** | 114,303.19 | 1,028,728.70 | **1,143,031.89** | 2,905,053.15 | 3,936,653.72 | **6,841,706.87** |
| 4 | **1,000,000.00** | 626,555.99 | 939,833.98 | 939,833.98 | **2,506,223.94** | 375,933.59 | 3,383,402.32 | **3,759,335.91** | 7,265,559.85 | 5,278,755.25 | **12,544,315.10** |
| 5 | **1,000,000.00** | 603,065.27 | 904,597.91 | 904,597.91 | **2,412,261.10** | 361,839.16 | 3,256,552.48 | **3,618,391.64** | 7,030,652.74 | 7,153,325.71 | **14,183,978.45** |
| 6 | **1,000,000.00** | 495,256.22 | 742,884.33 | 742,884.33 | **1,981,024.87** | 297,153.73 | 2,674,383.58 | **2,971,537.31** | 5,952,562.19 | 7,434,588.01 | **13,387,150.20** |
| 7 | **1,000,000.00** | 162,835.13 | 244,252.70 | 244,252.70 | **651,340.53** | 97,701.08 | 879,309.71 | **977,010.79** | 2,628,351.32 | 3,689,136.20 | **6,317,487.51** |
| 8 | **1,000,000.00** | 522,784.19 | 784,176.29 | 784,176.29 | **2,091,136.78** | 313,670.52 | 2,823,034.65 | **3,136,705.17** | 6,227,841.94 | 10,138,920.09 | **16,366,762.04** |
| 9 | **1,000,000.00** | 187,598.42 | 281,397.63 | 281,397.63 | **750,393.67** | 112,559.05 | 1,013,031.46 | **1,125,590.51** | 2,875,984.18 | 4,533,409.83 | **7,409,394.00** |
| 10 | **1,000,000.00** | 210,874.16 | 316,311.25 | 316,311.25 | **843,496.66** | 126,524.50 | 1,138,720.49 | **1,265,244.99** | 3,108,741.65 | 5,211,689.30 | **8,320,430.95** |
| 11 | **1,000,000.00** | 447,597.43 | 671,396.15 | 671,396.15 | **1,790,389.74** | 268,558.46 | 2,417,026.14 | **2,685,584.60** | 5,475,974.34 | 10,652,634.38 | **16,128,608.71** |
| 12 | **1,000,000.00** | 188,009.18 | 282,013.77 | 282,013.77 | **752,036.71** | 112,805.51 | 1,015,249.55 | **1,128,055.06** | 2,880,091.77 | 4,954,296.87 | **7,834,388.63** |
| 13 | **1,000,000.00** | 310,165.46 | 465,248.18 | 465,248.18 | **1,240,661.83** | 186,099.27 | 1,674,893.47 | **1,860,992.74** | 4,101,654.57 | 8,837,748.21 | **12,939,402.77** |
| 14 | **1,000,000.00** | 193,152.31 | 289,728.46 | 289,728.46 | **772,609.22** | 115,891.38 | 1,043,022.45 | **1,158,913.83** | 2,931,523.06 | 5,948,743.27 | **8,880,266.32** |
| 15 | **1,000,000.00** | 736,348.73 | 1,104,523.09 | 1,104,523.09 | **2,945,394.91** | 441,809.24 | 3,976,283.12 | **4,418,092.36** | 8,363,487.27 | 16,411,299.28 | **24,774,786.54** |
| 16 | **1,000,000.00** | 353,133.95 | 529,700.93 | 529,700.93 | **1,412,535.81** | 211,880.37 | 1,906,923.35 | **2,118,803.72** | 4,531,339.54 | 9,494,634.48 | **14,025,974.02** |
| 17 | **1,000,000.00** | 736,501.49 | 1,104,752.24 | 1,104,752.24 | **2,946,005.97** | 441,900.90 | 3,977,108.06 | **4,419,008.96** | 8,365,014.93 | 12,916,223.75 | **21,281,238.68** |
| 18 | **1,000,000.00** | 281,471.01 | 422,206.51 | 422,206.51 | **1,125,884.03** | 168,882.61 | 1,519,943.45 | **1,688,826.05** | 3,814,710.09 | 4,717,093.97 | **8,531,804.06** |
| 19 | **1,000,000.00** | 496,656.45 | 744,984.67 | 744,984.67 | **1,986,625.78** | 297,993.87 | 2,681,944.81 | **2,979,938.67** | 5,966,564.46 | 6,349,195.32 | **12,315,759.78** |
| 20 | **1,000,000.00** | 899,036.19 | 1,348,554.28 | 1,348,554.28 | **3,596,144.74** | 539,421.71 | 4,854,795.40 | **5,394,217.11** | 9,990,361.85 | 5,649,588.55 | **15,639,950.41** |
| जम्मा | **20,000,000.00** | 8,000,000.00 | 12,000,000.00 | 12,000,000.00 | **32,000,000.00** | 4,800,000.00 | 43,200,000.00 | **48,000,000.00** | 100,000,000.00 | 142,500,000.00 | **242,500,000.00** |